त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
बीरगंज नर्सिङ क्याम्पस,बीरगंज
(स्व.वि.यु.निर्वाचन समिति २०८१)

त्रि वि चि शा अ संस्थान
बीरगंज नर्सिङ क्याम्पस बीरगंज
स्ववियु निर्वाचन समिति

मिति २०८१।११।१८

# स्व.वि.यु. निर्वाचन सम्बन्धी जरुरी निर्देशिका

मिति २०८१।१२।०५ गते यस क्याम्पसमा सम्पन्न हुने स्व.वि.यु.को निर्वाचन सम्बन्धी विस्तृत विवरण निम्नानुसार भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो निर्देशिका प्रकाशित गरिएको छ ।

१. स्व.वि.यू.को निर्वाचन यस क्याम्पसमा हुने मिति २०८१ साल चैत्र ५ गते र मतदान हुने समय विहान ११.०० बजे देखि ५ बजे सम्म तोकिएको छ ।

२. स्व.वि.यु.को निर्वाचनका लागि मतदान गर्न क्याम्पसको शैक्षिक भवनलाई निर्वाचन क्षेत्र घोषित गरिएको छ ।

३. स्व.वि.यु. निर्वाचनमा प्रत्यक्ष तर्फ भागलिने समूह भन्नाले मतदाता सूचीमा नाम भएका विधार्थीहरु मध्येबाट १ जना संयोजक सहित कम्तिमा ११ जना सदस्य रहेको समूह बनाउनु पर्नेछ र उक्त समूहको बैठकले त्यस्तो समूह गठन गरेको निर्णय प्रतिलिपी प्रमाणित गरी समूह दर्ता गर्नु पर्नेछ ।

उम्मेदवारी मनोनयन पत्र दर्ता दाखिला गर्ने दिन २८ बर्ष नपुगेको र मतदाता सूचीमा नाम भएको व्यक्तिले स्व.वि.यु. कार्य समितिको कुनै एक पदको (पदाधिकारी वा सदस्यको ) लागि मात्रै उम्मेदवारी दिन सक्नेछ । (उदाहरणका लागि २०८१ साल चैत्र ५ गते हुने निर्वाचनमा उम्मेदवारी दाखिला मिति २०८१/ ११/२७ भएमा प्रत्यक्ष र समानुपातिक दुवै तर्फ २०५३/११/२८ वा सो भन्दा पछी जन्म मिति भएको विद्यार्थी हरुले उम्मेदवारी दिन पाउने छैन ।)

प्रत्येक उम्मेदवारको मनोनयन पत्रमा १ जना प्रस्तावक र १ जना समर्थक विधार्थी हुनुपर्नेछ । प्रस्तावक र समर्थक हुने विधार्थीहरुको हस्ताक्षर मनोनयनपत्रमा हुनु पर्नेछ । साथै उम्मेदवार र प्रस्तावक तथा समर्थकले मनोनयन पत्र साथै आ-आफ्नो परिचय पत्र अनिवार्य रुपले पेश गर्नु पर्नेछ । रुजु गरी सकेपछि परिचयपत्र सम्बन्धित विधार्थीलाई फिर्ता गरिनेछ ।

कुनै एक पदको एक जना उम्मेदवारको प्रस्तावक र समर्थक भई सकेको विधार्थी सोही पदको अन्य उम्मेदवारको समर्थक वा प्रस्तावक बन्न पाउने छैन । तर सदस्यहरुको हकमा जति जना निर्वाचित हुनु पर्ने हो त्यति नै जनाको प्रस्तावक वा समर्थक बन्न पाईनेछ ।

७. आफू जुन पदमा उम्मेदवारी दिएको छ सोही पदको अन्य उम्मेदवारको समर्थक वा प्रस्तावक बन्न पाईने छैन ।

८. विधार्थीहरुले संगठन वा स्वतन्त्र रुपमा निर्वाचनमा उम्मेदवारी दिन सकिने छ । मतपत्रमा उम्मेदवारहरु वा समूहहरुको नाम देवनागरी लिपी बर्णानुक्रमानुसार राखिने छ । साथै संगठनबाट उम्मेदवारी दर्ता गरेको खण्डमा उक्त संगठनको नाम कोष्ठ ( ) भित्र गर्नु पर्नेछ ।

९. उम्मेदवारीको लागि मनोनयन पत्र लिन आउंदा यस क्याम्पसमा अध्ययनरत मतदाता विधार्थीहरु मात्र आउनु पर्नेछ ।

१०. बुंदा नं. ८ प्रयोजनको लागि संगठनको उम्मेदवारको रुपमा भाग लिने विधार्थीहरुले निर्वाचन अधिकृत समक्ष संगठनको अधिकारिक सिफारिश प्रमाण पेश गर्नु पर्नेछ ।

११. मतदाता सूची (नामावली) मा नाम भएको विधार्थीले मात्र स्व.वि.यु. कार्य समितिको कुनै १ जना पदको पदाधिकारी वा सदस्यहरुको लागि मात्र उम्मेदवारी दिन सक्नेछ ।

१२. स्व.वि.यु.को निर्वाचन क्षेत्र भित्र मोवाईल प्रयोग गर्न पाईने छैन । तर कार्यालय प्रयोजनका लागि कार्यालयको फोन/मोबाईल प्रयोग गर्न निषेध गरिने छैन ।

१३. निर्वाचन सम्बन्धी कार्यको लागि कुनै पनि कारवाही तथा सोधपुछ गर्नु परेमा निर्वान अधिकृतसंग स्व.वि.यु. निर्वाचन समितिको कार्यालयमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ ।

१४. मतदानको समयमा बुथमा मतदाता विधार्थीहरुले नविकरण गरिएका परिचय पत्र देखाएपछि मात्र मतपत्र दिईने छ ।

१५. प्रत्यक्ष तथा समानुपातिक तर्फका उम्मेदवार हुने विधार्थीहरुले उमेर खुलेको अध्ययनरत तहको शैक्षिक प्रमाण पत्रको सक्कल र १ प्रति प्रतिलिपी निर्वाचन समितिमा पेश गर्नु पर्नेछ । प्रमाण पत्र रुजु गरी सक्कल प्रति सम्बन्धित विधार्थीहरुलाई फिर्ता गरिनेछ ।

१६. स्वतन्त्र विधार्थी युनियनको निर्वाचनको दिन क्याम्पस कलेज हाताभित्र स्वयं सेवकको व्यवस्थालाई पूर्ण रुपमा निषेध गरिएको छ ।

१७. निर्वाचन तालिकाको क्रम संख्या ६ र १२ नम्बरको बुंदाको कार्यक्रम यथावत हुने गरी आवश्यकता अनुसार क्याम्पस निर्वाचन समितिले निर्वाचन तालिकामा हेरफेर गर्न, थप आचार संहिता जारी गर्न र मतदानको दिन आवश्यक परेमा समय थप गर्न सक्नेछ ।

१८. सरकारी निकाय तथा संस्थानमा स्थायी तथा करारमा कार्यरत विद्यार्थी स्व.वि.यु. निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

१९. थप निर्देशिका तथा आचारसंहिता पछी फेरी प्रकाशित गरिनेछ।

अंजु कुमारी महतो

निर्वाचन अधिकृत

**निर्वाचन अधिकृत**